# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको
# शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८२

बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर,बाँके
लुम्बिनी प्रदेश, नेपाल

# शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

विविध कारणवश विद्यालयमा शिक्षक विदामा हुदाँ विद्यार्थीहरुलाई शिक्षण सहजीकरणमा हुने क्षतिलाई न्यूनिकरण गरी सिकाई प्रतिशत वृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि २०८२ स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम शिक्षक बैङ्क व्यवस्थापन कार्यवधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) “गाउँपालिका” भन्नाले बैजनाथ गाउँपालिका सम्झनुपर्छ ।

(ख) “अध्यक्ष” भन्नाले बैजनाथ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) “उपाध्यक्ष” भन्नाले बैजनाथ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) “शिक्षा प्रमुख”भन्नाले बैजनाथ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(च) “स्वयमसेवक शिक्षक” भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाले आवश्यकताअनुसार नियुक्त गरी खटाएका विद्यालय स्वयमसेवक शिक्षक सम्झनुपर्छ ।

(छ) “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ज) “शिक्षक” भन्नाले सामुदायिक विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त स्थायी, अस्थायी करार, राहत अनुदान, संघिय अनुदान र पालिका अनुदानमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(झ) “शिक्षक बैङ्क” भन्नाले बैजनाथ गाउँपालिकाले गाउँपालिकाभित्र अतिरिक्त शिक्षक व्यवथापनका लागि बनाएको शिक्षक बैङ्कलाई जनाउँदछ ।

## परिच्छेद-२

### शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य

१. सामुदायिक विद्यालयमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने ।

२. सामुदायिक विद्यालयमा आंशिक शिक्षक आवश्यकताको पूर्ति गर्ने ।

## परिच्छेद-३

### शिक्षक बैङ्क व्यवस्थापन समिति

स्वयमसेवक शिक्षक सूचिकृत गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिलको व्यवस्थापन समिति रहनेछ :

प्रमुख प्रशासकीय अधिकृत : संयोजक

सामाजिक विकास समिति संयोजक : सदस्य

गाउँ शिक्षा समितिका सदस्यहरुमध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको एक जना सदस्य : सदस्य

शिक्षा, यूवा तथा खेलकुद शाखा प्रतिनिधि : सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख : सदस्य–सचिव

सम्बन्धित विषयको शिक्षकलाई समितिको बैठकमा विज्ञको रुपमा मनोनित गर्न सकिनेछ ।

## परिच्छेद-४

### स्वयमसेवक शिक्षक सुचिकृत प्रक्रियाः

१. सामुदायिक विद्यालयमा स्वयमसेवक शिक्षक सुचिकृत गर्न कम्तिमा १५ दिनको विज्ञापन गरी अन्तरवार्ताको माध्यमबाट स्वयम सेवक शिक्षक सुचिकृत गर्ने । विज्ञापन सुचनाको नमुना अनुसुचि १ मा रहेको छ ।

२. अन्तरवार्ताको पाठ्यक्रम अनुसुची २ बमोजिम हुनेछ । अन्तरवार्ताको पुर्णाङ्क १०० हुनेछ ।

३. स्वयमसेवक शिक्षक सुचिकृत हुनका लागि शिक्षक सेवा आयोगले तोकेबमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ । तर गणित, विज्ञान, लेखा, समाजशास्त्र विषयमा शिक्षण अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरूलाई पनि शिक्षक बैङ्कमा सूचिकृत गर्नका लागि कुनै बाधा पर्ने छैन ।

४. कम्तिमा १८ वर्ष पूरा गरेका र ४० वर्ष ननाघेका उम्मेदवारलाई शिक्षक बैङ्कमा सूचीकृत गर्ने ।

५. शिक्षक बैङ्कमा सूचीकृत उम्मेदवारलाई विद्यालयको कम्तीमा एक महिना भन्दा बढी शिक्षक रिक्त भएमा मागका आधारमा शिक्षा, युवा तथा खेलकुद शाखाले बढीमा ३ महिनाका लागि करार नियुक्ती दिनेछ । तर आवश्यकताका आधारमा पुनः ३ महिनाको लागि समय थप गर्न सक्नेछ ।

६. शिक्षक बैङ्कमा प्रकाशित योग्यताक्रमका आधारमा विद्यालयले शिक्षक करारमा प्राथमिकता दिने ।

## परिच्छेद-५

### शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

१. प्राथमिक तहको लागि रु.२२०००।००, निम्न माध्यमिक तहको लागी रु.२७०००।०० र माध्यमिक तहको लागी रु.३५०००।०० का दरले गाउँपालिकाले मासिक पारिश्रमिक प्रदान गर्न सक्ने ।

२.शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले कार्यरत विद्यालयको सहमतीवेगर अन्य आवश्यक देखिएको विद्यालयमा स्थानान्तरण गर्न सक्ने ।

३.शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक पेसागत विकासको अवसर उपलव्ध गराउन सक्ने ।

४.यसरी नियुक्त शिक्षकले सार्बजनिक विदा र क्या.वि. तथा पर्व विदा बाहेक सुत्केरी स्याहार विदा, सुत्केरी विदा आदी विदा पाउने छैन ।

५.यसरी नियुक्त शिक्षकले शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनमा आवद्ध हुन पाउने छैन ।

## परिच्छेद-६

### स्वयमसेवक शिक्षकको काम कर्तव्य

स्वयमसेवकको रुपमा नियुक्त भएका शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

क. विद्यालयमा नियमिति रुपमा हाजिर भई अध्यापन गर्ने ।

ख. विद्यालयले तोकेको अन्य कार्यहरु जिम्मेवारीका साथ गर्ने गराउने

ग. प्रधानाध्यापकको निर्देशन अनुसारको कामकाज गर्नु पर्ने ।

घ. विद्यालयको भौतिक सम्पत्तिको संरक्षणमा सहयोग गर्ने ।

ङ. विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च. विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भंग गर्न पाइनेछैन ।

छ. आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

## परिच्छेद-७

### विविध

१. शिक्षक बैङ्कबाट नियुक्त गरिएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक नरहेमा जुनसुकै बखत हटाउन सक्नेछ ।

२.यसरी नियुक्त गरिएको शिक्षकलाई गाउँपालिकाले कार्य सम्पादन करार गरी खटाउन सक्नेछ ।

३.शिक्षक बैङ्क सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा गाउँ शिक्षा समितिको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

४.यस कार्यविधि अन्तरगत भएको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५.यस कार्यविधिका प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशोधान गर्न सक्नेछ ।

अनुसूची–१
(परिच्छेद ४ दफा १ सँग सम्बन्धित)
बैजनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामपुर, बाँके

## शिक्षक बैङ्क स्थापना सम्बन्धि सुचना

(सूचना प्रकाशित मिति :२०            )

बैजनाथ गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा विविध विविध कारणवश विद्यालयमा शिक्षक विदामा हुदाँ विद्यार्थीहरुलाई शिक्षण सहजीकरणमा हुने क्षतिलाई न्यूनिकरण गरी सिकाई प्रतिशत वृद्धि गर्न स्वयमसेवक शिक्षक सुचिकृत गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समय भित्रसम्म स्वयम उपस्थित भई दरखास्त दिनुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु**

क) हस्तलिखित आवेदन,

ख) रु.१०० को राजस्व दस्तुर तिरको रसिद,

ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, १ प्रति

घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो, २ प्रति

ङ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, १/१ प्रति

**अनुसूची–२**

(परिच्छेद ४ दफा २ सँग सम्बन्धित)

बैजनाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके

**स्वयमसेवक शिक्षक सुचिकृतका लागि अन्तरवार्ताको पाठ्यक्रम**

| पुर्णाङ्क (१००) | | | | जम्मा |
|---|---|---|---|---|
| व्यक्तित्व | विषयवस्तुको ज्ञान | शिक्षण विधि | निर्ष्कष | |
| १० | ५० | ३० | १० | १०० |